# उन्नयनको पाञ्चाली

## बंगालको गौरवशाली १५ वर्ष

## २०११–२०२५



**बंगालले केन्द्र सरकारबाट १ लाख ९६ हजार करोड़ रुपियाँभन्दा बढ़ी अर्थ पाउनु बाँकी छ। यस्तो हुँदाहुँदै पनि विगत १५ वर्षदेखि यो सरकारले जन्मदेखि मृत्युसम्म सबै क्षेत्रमा, सबै क्षेत्रका जाति, धर्म वा वर्णको पर्वाह नगरी सबै मानिसहरूका लागि काम गरिरहेको छ र गरिरहनेछ।**

## महिला सशक्तिकरण

- युगान्तकारी **लक्ष्मी भण्डार** परियोजना अन्तर्गत **२.२१ करोड़** महिलाहरु आर्थिक रूपमा सशक्त भएका छन्। यस परियोजनाको वार्षिक बजट **२६,७०० करोड़** रुपियाँ छ र शुरुदेखि अहलेसम्म यस योजनामा मोठ **७४,००० करोड़** रुपियाँ खर्च भइसकेको छ।

- **रूपश्री योजना** अन्तर्गत **२२.०२ लाख** महिलाहरूलाई विवाहका लागि **२५,००० रुपियाँ** गरेर आर्थिक सहायता प्रदान गरिएको छ, जसका लागि **५,५५८.६६ करोड़ रुपियाँ** खर्च भएको छ।

- बंगालमा पञ्चायतस्तरमा **महिलाहरूको प्रतिनिधित्व** २००८ सालको **३६.६%** बाट बढेर **१४.६%** वृद्धि भई २०२३ सालमा **५१.४%** पुगेको छ, जसले राष्ट्रिय औसत **४५.६%** लाई पछि छाड़ी दिएको छ।

- सरकारले महिला र कन्यासन्तानहरूको सुरक्षा सुनिश्चित गर्न २०२४ सालमा '**अपराजिता विधेयक**' प्रस्तुत गरेको छ। '**रातिको साथी**' पहलले आपतकालीन सहयोग प्रणाली सिर्जना गरेको छ र जन सुविधाt र सुरक्षा वृद्धिका लागि **१५७.३४ करोड़ रुपियाँ** जारी गरिएको छ।

- **कर्माञ्जलि परियोजना** मार्फत, २०२५ सम्ममा काम गर्ने अविवाहित महिलाहरूलाई सुरक्षा र सस्तो भाड़ामा आवास प्रदान गर्न बंगालभरि मोठ **१३ वटा होस्टेलहरू** निर्माण गरिएको छ। यस परियोजनाको वार्षिक खर्च लगभग **१.२४ करोड़ रुपियाँ** छ।

- **सबुजश्री** परियोजनाअन्तर्गत नवजात शिशुका आमाहरूलाई लगभग **६८ लाख बिरुवाहरू** वितरण गरिएको छ। **आनन्दधारा** परियोजनाको माध्यमद्वारा **१.२१ करोड़** महिलाहरूले जीविकोपार्जनका अवसरहरू प्राप्त गरेको छन् र उनीहरूका लागि **१.४८ लाख करोड़** रुपियाँको ब्यांक ऋणको व्यवस्था गरिएको छ। यसले राज्यभरिका महिलाहरूको आर्थिक आत्मनिर्भरता अझ बलियो भएको छ।

- **मुक्तिर आलो योजनामार्फत** बंगालभरि सामाजिक रूपमा वञ्चित र कमजोर महिलाहरूलाई रोजगारमूलक प्रशिक्षण प्रदान गरिएको छ। २०२५ सालसम्म यस योजनामा **१.४७ करोड़ रुपियाँ** खर्च गरिएको छ।

## सामाजिक सुरक्षा

- २०११ सालदेखि पश्चिम बंगाल सरकारले राज्यका सबै वासिन्दाहरूको समावेशी विकास सुनिश्चित गर्न मोठ **९४ सामाजिक सुरक्षा परियोजनाहरू** शुरू गरेको छ।

- **खाद्यसाथी परियोजनामार्फत**, लगभग **९ करोड़** मानिसहरूले पूर्णरूपमा सब्सिडीप्राप्त राशिन प्राप्त गरेका छन्, जसको परिणामस्वरूप **१,०९,४६८ करोड़ रुपियाँ** खर्च भएको छ। यस अतिरिक्त, दुआरे रेशन परियोजनामार्फत

लगभग **७.५ करोड़** उपभोक्ताहरूले आफ्नो घर-दैलोमा राशिन वितरणको सुविधा प्राप्त गरेका छन्। यसको परिणामस्वरूप **१,७१७ करोड़ रुपियाँ** खर्च भएको छ।

- **जय बाङ्ला परियोजनाअन्तर्गत २०.५७ लाख** विधवा, **५०.६१ लाख वरिष्ठ** नागरिक, **७.५९ लाख दिव्यांग** मानिस र **२.१२ लाख** अन्य लाभार्थीहरूले मासिक पेन्सन पाइरहेका छन्, जसका लागि खर्चको परिमाण वार्षिक **१०,५७३.८७ करोड़ रुपियाँ** छ।

- **नि:शुल्क सामाजिक सुरक्षा** योजनाअन्तर्गत **१.८४ करोड़** असंगठित श्रमिकहरूलाई चिकित्सा, मृत्यु र अन्य कल्याणकारी लाभहरूसहितको सर्वांगीण सामाजिक सुरक्षाअन्तर्गत ल्याइएको छ, जसका लागि **२,८८० करोड़ रुपियाँ** खर्च भएको छ॥

- २०२३ सालमा शुरू भएको **कर्मसाथी (प्रवासी श्रमिक) परियोजनाले** हाम्रा आप्रवासी श्रमिकहरूको सुरक्षा सुनिश्चित गर्दछ र उनीहरूको समस्या समाधान गर्ने काम गर्दछ। अर्कोतिर २०२५ सालको **श्रमश्री** परियोजनामार्फत **३१.७७** लाख घर फर्केका श्रमिकहरूलाई रोजगार नपाएसम्म प्रतिमहीना **५,००० रुपियाँ** आर्थिक सहायता प्रदान गरिँदैछ। यसका साथै उनीहरूका लागि जब कार्ड, सीप विकास तालीम, खाद्य पदार्थ अनि स्वास्थ्य सेवा सुविधाहरू पनि सुनिश्चित गरिएको छ।

- **केन्दु पात संकलनकर्ताहरू सामाजिक सुरक्षा** परियोजनाअन्तर्गत विशेषगरि अनुसूचित जनजातिका **३५,०००** लाभार्थीहरूलाई लाभान्वित भएका छन्। यस योजनाअन्तर्गत, ६० वर्ष उमेर पूरा भएपछि संकलनकर्ताहरूलाई एकमुष्ठ आर्थिक सहायता प्रदान गरिनेछ। यसका साथै केन्दु पात संकलनकर्ताहरूले दुर्घटनाका कारण मृत्यु, मातृत्वकालीन सहायता, विशेष रूपमा अशक्तहरूलाई सहायता, स्वास्थ्य सहायता आदि जस्ता सुविधाहरू पनि प्राप्त गर्न सक्छन्। संकलकको मृत्यु भएमा, उद्वारा मनोनीत व्यक्तिले मृत्यु सहायतासँगै अन्त्येष्टि क्रियाका लागि पनि सहायताको माग गर्नसक्छ।

## अनुसूचित जाति, अनुसूचित जनजाति, अन्य पछौटे वर्ग अनि अल्पसंख्यकहरूको सशक्तिकरण

- २०२५ सम्ममा 'मा-माटी-मानुष' सरकारले **जय जोहार तपशिली बन्धु** परियोजनाहरूअन्तर्गत **१४.६४** लाख अनुसूचित जाति र अनुसूचित जनजातिका वरिष्ठ नागरिकहरूलाई मोठ **९,१०८.४५ करोड़** रुपियाँको पेन्सन प्रदान गरेको छ।

- पश्चिम बंगाल सरकारको पछौटे वर्ग कल्याण विभागले **अनुसूचित जाति, अनुसूचित जनजाति** र **अन्य पछौटे वर्गका १.६९ करोड़भन्दा** बढ़ी मानिसहरूलाई **जातगत प्रमाणपत्र प्रदान** गरेको छ।

- राज्य सरकारले आदिवासी जग्गा हस्तान्तरण गर्न नसकिने कुरा सुनिश्चित गरेको छ, जसले गर्दा आदिवासी समुदायको पुख्र्यौली भूमिको अधिकार सुरक्षित भएको छ। यसका साथै, आदिवासी परिवारहरुलाई **वन पट्टा र सामुदायिक वन पट्टा** प्रदान गरिँदैछ, जसले उनीहरूको कानूनी अधिकार र जीविकोपार्जन सुरक्षालाई अझ बलियो बनाउनेछ।

- राजवंशी समुदायको परम्परा र भावनालाई सम्मान गर्न **नारायणी बटालियन** स्थापना गरिएको छ, जसको मुख्यालय मेखलीगञ्जमा छ।

- मतुआबहुल क्षेत्रका मानिसहरूले व्यापक विकास देखेका छन्। **हाबड़ा-गाईघाटा जलतृप्ति जल परियोजनामार्फत** सबै **घर-परिवारका लागि सुरक्षित खानेपानी सुनिश्चित गरिएको छ। नयाँ पुलहरू निर्माणले सम्पर्क व्यवस्था पनि शक्तिशाली**

भएको छ- **इछामती नदीमाथिको मुरीघाटा पुल र बलदेघाटा खालमाथिको कुठीपाड़ा नागबाड़ी पुल** निर्माण गरिएको छ। गाईघाटामा नयाँ **आईटीआई र पोलिटेक्निक कलेज** स्थापना भएपछि युवाहरूका लागि अवसरहरू बढ़ेका छन्। कृषकहरू एउटा निर्दिष्ट समर्पित **कृषक मण्डीबाट** लाभान्वित भइरहेका छन्। ठाकुरनगर क्षेत्रको एउटा **प्रसिद्ध फूलखेतीको केन्द्रमा** एउटा विशेष फूलमण्डी निर्माण सँगसँगै मुख्य शहरको सौन्दर्यीकरणको काम पनि भइरहेको छ, जुन क्षेत्रको सांस्कृतिक गौरव र आर्थिक विकासको प्रतिविम्ब हो।

- अल्पसंख्यकबहुल क्षेत्रहरूमा पूर्वाधार विकास परियोजनाहरू कार्यान्वयन गर्ने दिशामा पश्चिम बंगाल अहिले भारतमा पहिलो नम्बर-मा छ। अल्पसंख्यक मामिला विभागको बजट लगभग दश गुणा बढ़ेको छ। राज्य सरकारले लगभग **९,९०० चिहानहरू** वरिपरि सीमा पर्खाल निर्माण गर्न **१,३८७ करोड़ रुपियाँ** जारी गरेको छ।

## कृषि

- २०११ सालदेखि कृषि र सम्बद्ध क्षेत्रहरूमा खर्च लगभग **९.१६ गुणा** बढ़ेको छ, जसले बंगालको कृषक समुदायलाई बलियो बनाउने र दीर्घकालीन खाद्य सुरक्षा सुनिश्चित गर्ने राज्य सरकारको प्रतिबद्धतालाई प्रतिविम्बित गर्दछ।
- २०२५ सालसम्म **कृषकबन्धु (नयाँ)** परियोजनामार्फत राज्यका **१.१० करोड़भन्दा** बढ़ी कृषकहरूलाई मोठ **२७,०१६ करोड़ रुपियाँको** आर्थिक सहायता प्रदान गरिएको छ।
- २०२५ सालसम्म **१.१३ करोड़** कृषकहरूलाई **'बाङ्ला शस्य (बाली) बीमा'** योजनामार्फत बाली क्षति सुरक्षा प्रदान गरिएको छ र कृषकहरूसमक्ष **३,९३८ करोड़ रुपियाँको** मोठ क्षतिपूर्ति नि:शुल्क पुगेको छ।
- पछिल्ला १५ वर्षमा राज्यको सिँचाइ व्यवस्थाको कभरेज **२५.६७%** बढ़ेको। आज पश्चिम बंगालको मोठ कृषियोग्य जमीनको **६४.४५%** भाग सिँचाइ सुविधाअन्तर्गत छ, जबकि राष्ट्रिय औसत केवल **५६.३%** छ। बंगालमा देशमै सबैभन्दा बढ़ी बाली उत्पादनको मात्रा **१९४%** छ (राष्ट्रिय औसत १४३.६%)।
- कृषि क्षेत्रमा पश्चिम बंगाल भारतको एउटा अग्रणी राज्य हो। बंगाल देशको **सबैभन्दा ठूलो धान उत्पादक राज्य** हो (राष्ट्रिय उत्पादनमा १२.८७% योगदान); **जुट खेतीमा अतुलनीय**, सबैभन्दा बढ़ी कृषि जमीन (४९१.१ हजार हेक्टर) छ र उत्पादन २,८८३ किलोग्राम/हेक्टर छ; **सब्जी उत्पादनमा देशमै दोस्रो स्थानमा** (२९.१९ मिलियन टन, २०२३) छ **अनि मासु र माछा दुवैमा दोस्रो स्थानमा** छ। मासु उत्पादन ९०.८३% (२०११-२०२३) ले बढ्यो र माछा उत्पादनमा २०११-२०२२ सालमा ३८.९३% वृद्धि भएको छ। यसबाहेक **हर्टिकल्चर-मा पनि बंगाल देशमा तेस्रो स्थानमा** छ (३३.१९ मिलियन मेट्रिक टन, २०२१) अनि **चिया उत्पादनमा दोस्रो स्थानमा** छ (३७३.४८ मिलियनकिलोग्राम, २०२४)।
- प्रत्येक वर्ष लगभग **५५ लाख मेट्रिक टन** धान **१६ लाख** साना र सीमान्त कृषकहरूबाट प्रत्यक्ष रूपमा क्रय गरिन्छ।
- पश्चिम बंगालको शीतभण्डार क्षमता **५.९५ मिलियन मेट्रिक टन** छ, जुन भारतमा सबैभन्दा बढी हो (राष्ट्रिय औसतभन्दा ४१३% बढी)। यसका साथै **आमार फसल, आमार गोला** परियोजना योजनामार्फत २०२३-२०२४ सालमा राज्यका विभिन्न ठाउँहरूमा **३,९०५** वटा कम लागतका भण्डारण सुविधाहरू स्थापना गरिएका छन्, जसले सीमान्त कृषकहरूलाई आफ्नै गोदाम निर्माण गर्न र भेण्डिङ कार्टहरू प्रयोग गर्न आर्थिक सहयोग प्रदान गरिरहेका छन्। यसले फसल संग्रहपछिको पूर्वाधारमा ठूलो लगानीलाई प्रतिविम्बित गर्दछ, जसले बालीलाई खेतबाट बजारसम्म पुर्याउने कार्यक्षमता बढ़ाएको छ।

- **सुफल बाङ्ला परियोजनाअन्तर्गत** ६४० आउटलेट अनि **९ वटा बल्क** हब-हरूले दैनिक **३.५ लाख उपभोक्ताहरूलाई** सेवा दिइरहेका छन् र ८०,००० भन्दा बढ़ी **कृषकहरूलाई** जोड़ेका छन्। पश्चिम बंगाल सरकारले २०२५-२६ सालको बजटमा यो परियोजना विस्तारका लागि **२०० करोड़ रुपियाँ** आवण्टन गरेको छ, जसमध्ये **३५० नयाँ आउटलेट** र हाट र नियन्त्रित बजारहरूमा २०० क्रय केन्द्रहरू छन्।
- वार्षिक **५० करोड़ रुपियाँ** आवण्टनमा **माटो सृष्टि** परियोजनाअन्तर्गत **५,४५५ स्थानहरूमा ४२,००० ऐकर** परित्यक्त जमीनलाई उत्पादक फार्ममा परिणत गरिएको छ, जसले बागवानी वस्तु, माछापालन र पशुपालनमार्फत ग्रामीण परिवारहरूका लागि आयको नयाँ स्रोत सिर्जना गरेको छ।

## अर्थनीति अनि उद्योग

- पश्चिम बंगाल भारतको शीर्ष आर्थिक राज्यहरूमध्ये एउटा हो। राज्यको समग्र GSDP **४.४१ गुणा बढ़ेर २०.३१ लाख करोड़ रुपियाँ** पुगेको छ। साथै प्रतिव्यक्ति आय **२०११-१२** सालमा **५१,५४३** रुपियाँबाट बढ़ेर **२०२४-२५** सालमा लगभग तीन गुणा भई **१,६३,४६७ रुपियाँ** पुगेको छ।
- पश्चिम बंगालले बलियो आर्थिक वृद्धि र सामाजिक-आर्थिक विकासले **१.७२ करोड़** मानिसहरूलाई गरीबी रेखाबाट बाहिर निकालेको छ।
- उत्पादनशील पूर्वाधार अझ सुदृढ़ भएको छ। पूँजीगत खर्च **१७.६७ गुणा** बढ़ेको छ। यसका साथै, भौतिक क्षेत्रको पूर्वाधारमा लगानी **६.९३ गुणा** अनि सामाजिक क्षेत्रमा खर्च **१४.४६ गुणा** बढ़ेको छ। सँगसँगै २०११ सालको तुलनामा राज्यको निजी कर राजस्व **५.३३ गुणा** बढ़ेको छ।
- उद्योग र रोजगार वृद्धि गर्न राज्यमा **६ वटा नयाँ आर्थिक** करिडोरहरू (रघुनाथपुर-ताजपुर, डानकुनी-कल्याणी, डानकुनी-झारग्राम, डानकुनी-कोचबिहार, खड़गपुर-मोड़ग्राम, पुरुलियाको गुरुड़ीदेखि कोलकाताको जोकासम्म) स्थापना गरिँदैछ। यी करिडोरहरू पूरा भएपछि, राज्यमा **२ लाख करोड़ रुपियाँको** लगानीको सम्भावना सिर्जना हुनेछ।
- दर्ता भएका कम्पनीहरूको संख्यामा बंगालले देशको नेतृत्व गर्दछ। २०११ र २०२४ सालबीच प्रत्येक कारखानाको औसत नाफा **५४६%** बढ़ेकै छ।
- पश्चिम बंगाल देशको एउटा **प्रमुख उत्पादन केन्द्रको** रूपमा देखा परेको छ, जहाँ देशको **सबैभन्दा ठूलो लेदर कम्प्लेक्स, सबैभन्दा ठूलो गार्मेनण्ट क्लस्टर, सबैभन्दा ठूलो होजियारी पार्क, सबैभन्दा ठूलो फाउण्ड्री पार्क** एउटा **सबैभन्दा ठूलो रेलवे म्यानुफ्याक्चरिङ हब** छन्।
- राज्यमा एउटा **नयाँ सेमिकण्डक्टर हब** निर्माण भइरहेको छ। **विश्वको तेस्रो ठूलो चिप विकासकर्ता कम्पनी** GlobalFoundries Inc-ले यो काम गरिरहेको छ।
- दुर्गापुर-आसनसोल क्षेत्रमा **२२,००० करोड़ रुपियाँको** लगानीमा शेल ग्यास प्लानण्ट निर्माण भइरहेको छ। अशोकनगरमा ओएनजीसी-को तेल र प्राकृतिक ग्यास निकासीको विशाल परियोजना निर्माण भइरहेको छ।
- पश्चिम बंगालले रियल स्टेट क्षेत्रमा ठूलो फड्को हानेको छ, केवल दुई वर्ष (२०२३-२५) मा **४५,००० करोड़ रुपियाँको** लगानी भएको छ।

## रोज़गार

- देशभरि पछिल्लो ४५ वर्षमा बेरोजगारी दर उच्चतम पुगेको बेला बंगालमा बेरोजगारी दर उल्लेखनीय रूपमा **४०%** घटेको छ अनि **२ करोड़भन्दा** बढ़ी रोजगारका अवसरहरू सिर्जना गरेको छ।

- जब केन्द्र सरकारले मनरेगा-का लागि कोष बन्द गऱ्यो, तब "मा-माटी-मानुष" सरकारले **कर्मश्री परियोजना** शुरू गऱ्यो। यस परियोजनामार्फत, **७८.३१ लाखभन्दा** धेर जब कार्ड धारकहरूका लागि **१०४.५८ करोड़** कार्यदिवस सिर्जना गरिएको छ, जसको मोठ लागत **२०,७७६ करोड़ रुपियाँ** छ।

- बंगालमा लगभग **१.३ करोड़** मानिसहरू **९३ लाख एमएसएमई**-मा काम गरिरहेका छन् (जसमध्ये ४९ लाख उद्यम र उद्यम असिस्ट पोर्टलमा दर्ता भएका छन्)। महिला स्वामित्वमा रहेका एमएसएमई-हरूको संख्यामा पश्चिम बंगाल देशमा पहिलो स्थानमा छ, भारतभरिमा **२३.४२%** यहीँ छन्। हामी एमएसएमईहरू-को संख्यामा शीर्ष स्थानमा छौँ। एमएसएमई-हरूलाई अझ बलियो बनाउन **९.३५ हजार करोड़** रुपैयाँभन्दा बढ़ी ब्यांक ऋण पहिले नै बन्दोबस्त भइसकेको छ।

- **आनन्दधारा** पहलमार्फत बंगालमा **१२ लाखभन्दा** बढ़ी स्व-सहायता समूहहरू गठन भइसकेका छन्। हामीले एसएचजी क्रेडिट लिंकेज-हरूलाई सहायता गरेका छौँ, जहाँ मोठ **१,४८,००० करोड़** रुपियाँ **ऋण** प्रदान गरिएको छ। स्थानीय कारीगर, युवा अनि स्व-सहायता समूहका सदस्यहरूका लागि बजार सुविधा, आय सुरक्षा र स्वरोजगार सुनिश्चित गर्न शिल्पान्न, विश्व बाङ्ला, रूपान्न, बाङ्लार साड़ी, विश्व बाङ्ला हाट, जिल्ला-जिल्लामा ग्रामीण हाट अनि **५१४** कर्मतीर्थहरूको काम सम्पन्न भएको छ। जिल्ला सदरमुकामहरूमा थप **२३** वटा मार्केटिङ हब-हरू (शपिङ मल) स्थापना भइरहेका छन्, जहाँ स्व-सहायता समूहहरूद्वारा उत्पादनहरूको बिक्रीका लागि दुई तलाहरू विशेष रूपमा छुट्याइनेछ।

- विश्वको दोस्रो ठूलो कोइला खानी **देउचा पाँचामी** क्षेत्रमा विकास भइरहेको छ, जसमा **१ लाख नयाँ रोजगार** सिर्जना गर्ने क्षमता छ। यसका साथै पुरुलियाको रघुनाथपुरमा **जंगल सुन्दरी कर्मनगरी** स्थापना गर्न **७२,००० करोड़ रुपियाँ** लगानी गरिनेछ, जसले लाखौं रोजगारी सिर्जना गर्नेछ। प्रतिष्ठित कम्पनीहरूलाई **३,००० ऐकरभन्दा** बढ़ी जग्गा पहिले नै छुट्याइएको छ, जसमार्फत लगभग **२७,००० करोड़ रुपियाँ** लगानी गरिनेछ। कोलकाताको कर्मदिगन्त **लेदर कम्प्लेक्स-मा ३५,००० करोड़ रुपियाँ** लगानी गरेर **७.७५ लाख नयाँ रोजगार** सिर्जना भइरहेको छ। पश्चिम बंगालमा **२,८०० वटा आईटी कम्पनी-हरूमा २ लाखभन्दा बढ़ी आईटी कर्मचारीहरू** कार्यरत छन्। सिलिकन भ्याली-मा लगभग **३५,००० करोड़** रुपियाँ लगानी भइरहेको छ।

- **भविष्यत क्रेडिट कार्ड परियोजनाबाट** ४८,००० भन्दा धेर नयाँ उद्यमीहरूले लाभ उठाएका छन्, जहाँ **१२,००० करोड़ रुपियाँको ऋण स्वीकृत** गरिएको छ। साथै अल्पसंख्यक युवाहरूलाई आत्मनिर्भर र उद्यमशील बन्ने अवसरहरू बढ़ाउन **३,९०० करोड़ रुपियाँ** लगानी गरिएको छ। **उत्कर्ष बाङ्ला** परियोजना मार्फत **४२ लाख** युवाहरूलाई रोजगार सम्बन्धी तालीम दिइएको छ।

- राज्य सरकारले बन्द चियाकमान खोल्न पहल गरेको छ। **८५ वटा चियाकमान** पहिले नै खोलिएका छन्, जसमध्ये यसै वर्ष **२५ वटा** खोलिएका छन्। यसको फलस्वरूप **२३,००० चियाश्रमिक र उनीहरूका परिवार** लाभान्वित भएका छन्। पश्चिम बंगालमा चियाश्रमिकहरूको **दैनिक ज्याला २५० रुपियाँ** पुऱ्याइएको छ, जुन देशमै सबैभन्दा बढ़ी हो। चियाश्रमिक र उनीहरूका परिवारहरूको विकास र मर्यादा सुनिश्चित गर्न हामीले नि:शुल्क राशिन, पानी, बिजुली, स्वास्थ्य सेवा, एप्रन, छाता, जुत्ता, कम्बल र अन्यान्य महत्त्वपूर्ण सहयताहरू पनि प्रदान गर्दैछौँ।

- अल्पसंख्यकबहुल क्षेत्रहरूमा सीप विकास गर्न र जीविकोपार्जन बढ़ाउन **२७ वटा औद्योगिक प्रशिक्षण संस्थान** (ITI) अनि **५ वटा पोलिटेक्निक** कलेजहरू स्थापना गरिएका छन्। यसका साथै जीविका वृद्धिमा सहायता गर्न **३०५ वटा कर्मतीर्थ** ( Work Hub) स्थापना गरिँदैछ। अल्पसंख्यक विद्यार्थीहरूलाई विभिन्न सरकारी जागीर परीक्षाहरूका लागि प्रशिक्षण सुविधा पनि प्रदान गरिँदैछ, जसले उनीहरूको रोजगारका अवसरहरूलाई अझ सुदृढ़ बनाएको छ।

## बिजुली, सड़क र पानी

- "मा-माटी-मानुष" सरकारको निरन्तर प्रयासको फलस्वरूप, पश्चिम बंगाल, जो एक समय "लोडशेडिङ-को राज्य" भनेर व्यापक रूपमा परिचित थियो, अहिले एउटा बिजुली-अतिरिक्त राज्य बनेको छ। राज्यको **१००% विद्युतीकरण** २०१९ सालमा गरियो अनि त्यसबेलादेखि प्रत्येक घरले निर्वाध बिजुली सुविधा पाइरहेको छ, जसले जीवनस्तरमा उल्लेखनीय सुधार गरेको छ। राज्य सरकारले यस क्षेत्रमा पूर्वाधार विकासका लागि **रु. ९०,००० करोड़** लगानी गरेको छ।

- बंगालको विद्युत पूर्वाधारलाई अझ बलियो बनाउन सागरदिघीमा **४,५६७ करोड़ रुपियाँको** लागतमा **सुपर क्रिटिकल युनिट** (६६० मेगावाट) निर्माण भइरहेको छ, जुन पूर्वी भारतमा आफ्नो प्रकारको पहिलो हो। जसले **१६.७ लाख घरपरिवारलाई** निर्बाध बिजुली प्रदान गर्नेछ र **२६,०००** प्रत्यक्ष तथा परोक्ष रोजगार सिर्जना गर्नेछ। विद्युत क्षमतालाई अझ बढ़ाउन, **शालबनीमा १,६०० मेगावाटको ताप विद्युत केन्द्र शिलान्यास** गरिएको छ। यो प्लानण्ट **१६,००० करोड़** रुपियाँको लगानीमा निर्माण हुनेछ र यसले **१५,००० प्रत्यक्ष र परोक्ष रोजगार** सिर्जना गर्नेछ।

- २०२४-२५ सालमा, WBPDCL ले दिसम्बर २०२४ सम्ममा मोठ **२२,२८६ MU** उत्पादन गरेर रेकर्ड गरेको छ। सागरदिघी देशको दोस्रो स्थानमा छ अनि WBPDCL भारतीय ऊर्जा क्षेत्रमा शीर्ष प्रदर्शन गर्ने संस्थाको रूपमा देखा परेको छ। पहिलोपटक WBPDCL को सम्पूर्ण कोइला आवश्यकता पूर्ण रूपमा क्याप्टिभ खानीहरूबाट पूरा गरियो, जसले कोल इण्डिया-का सहायक कम्पनीहरूप्रतिको निर्भरता निर्मूल गरिदियो। सोही वर्ष, WBPDCL ले राज्य सरकारलाई **१०४ करोड़ रुपियाँको** लाभांश प्रदान गर्यो अनि **४०.९६ करोड़ रुपियाँको** लगानीमा सागरदिघीमा **५ मेगावाटको** फ्लोटिङ सोलर प्लाण्ट सञ्चालन गर्यो।

- पश्चिम मेदिनीपुरको **गोवालतोड़मा** पूर्वी भारतको सबैभन्दा ठूलो सौर ऊर्जा उत्पादन केन्द्र उद्घाटन गरिएको छ, जसको उत्पादन क्षमता **११२.५ मेगावाट** अनि निर्माण लागत **७५० करोड़ रुपियाँ** छ। नवीकरणयोग्य ऊर्जाको प्रयोग बढ़ाउने उद्देश्यमा राज्य सरकारले आलोश्री परियोजना शुरू गरेको छ, जसको माध्यमले सबै सरकारी भवन अनि स्थानीय प्रतिष्ठानहरूमा ग्रिड कनेक्टेड सोलर फोटोभोलटाइक (GRTSPV) प्रणालीहरू स्थापना गरिँदैछ, जो प्राविधिक रूपमा यस्ता स्थापनाहरूका लागि उपयुक्त छन् ।

- २०११ सालपछिदेखि राज्यभरि मोठ **१,८३,०८४ किलोमिटर** राज्य सड़क, ग्रामीण सड़क र अन्य सड़कहरू निर्माण वा पुनर्निर्माण गरिएका छन्। यसबाहेक **३६१ वटा प्रमुख र माध्यम पुलहरू र २० वटा सड़क-ओभरब्रिजहरू** (ROBs) निर्माण गरिएका छन्। यी सबैका लागि मोठ खर्च लगभग **रु. ८३,००० करोड़** भएको छ।

- **पथश्री-१, २ र ३** परियोजनाअन्तर्गत **१०,९०२ करोड़ रुपियाँको** लागतमा **३९,००० किलोमिटरभन्दा** बढ़ी सड़कहरू निर्माण भइसकेका छन्। केन्द्र सरकारले PMGSY-को अर्थ रोके पनि यो काम राज्यभरि सम्पर्क सुनिश्चित गर्न गरिएको छ। राज्य सरकारले **पथश्री-IV** परियोजनाअन्तर्गत **८,४८८ करोड़ रुपियाँको** लागतमा **२०,०१९ किलोमिटर** सड़कहरूको निर्माण कार्य अघि बढ़ाएको छ।

- पश्चिम बंगालमा, २०२५ सालसम्ममा **९९ लाख ग्रामीण परिवारलाई** कार्यकारी पाइपयुक्त पानीकल जड़ान गरिएको छ - जहाँ २०११ सालमा **२ लाखभन्दा** कम ग्रामीण परिवारले सुविधा पाएको थियो। सबैका लागि सुरक्षित खानेपानी सुनिश्चित गर्ने हाम्रो प्रतिबद्धताको कारण यो प्रगति सम्भव भएको हो।

- FMBAP अन्तर्गत प्रस्तुत गरिए पनि लामो समयदेखि केन्द्र सरकारले रोकेको घाटाल गुरुयोजनालाई अब राज्य सरकारले पूर्ण रूपमा ग्रहण गरेको छ। **११५ किलोमिटर नदी खननमा ३४१ करोड़ रुपियाँ** खर्च भइसकेको छ अनि सम्पूर्ण परियोजना आउँदो दुई वर्षमा राज्य सरकार आफैँले **१,५०० करोड़ रुपियाँको** लागतमा पूरा गर्नेछ।

## वासस्थान

- २०११ सालदेखि पश्चिम बंगाल सरकारले लगभग **१ करोड़ परिवारका** लागि मर्यादापूर्ण वासस्थान सुनिश्चित गरेको छ।
- केन्द्र सरकारले अन्यायपूर्वक कोष रोक्न अघिसम्म ग्रामीण घर निर्माणमा बंगाल देशको पहिलो स्थानमा थियो, आवास योजना (ग्रामीण ) अन्तर्गत **४७.५ लाख** घरहरू बनी सकेका थिए।
- 'मा-माटी-मानुष' सरकारको सम्पूर्ण खर्चमा चालु **बाङ्लार बाड़ी** (ग्रामीण) परियोजनामार्फत पश्चिम बंगालमा **१४,४०० करोड़ रुपियाँको** लागतमा **१२ लाखभन्दा अधिक परिवारलाई** वासस्थानको सुविधा प्रदान गरिएको छ। बाङ्लार बाड़ी (ग्रामीण) योजनाको दोस्रो चरणमा थप **१६ लाख** परिवार लाभान्वित हुनेछन् अनि यसका लागि **१९,७०० करोड़** रुपियाँ खर्च हुनेछ।
- शहरका घरबारविहीन मानिसहरूका लागि **१८,००० करोड़ रुपियाँको** लागतमा लगभग **५.२० लाख आवास एकाइहरू** निर्माण गरिएको छ। **२,५०० करोड़ रुपियाँको** लागतमा संकटग्रस्त अल्पसंख्यक महिलाहरूका लागि लगभग **२.६० लाख घरहरू** निर्माण गरिएका छन्। यसका साथै, रानीगञ्ज कोइलाखानीका मानिसहरूका लागि **१०,००० भन्दा बढ़ी घरहरू** निर्माण भइरहेका छन्।
- पश्चिम बंगाल सरकारको **चिया सुन्दरी** र **चिया सुन्दरी विस्तार** परियोजनाहरूले **२८,५०० भन्दा बढ़ी** चियाकमानका श्रमिकहरूका लागि शिरमाथि छानो निर्माणको व्यवस्था गरेको छ। यसका साथै, **गीताञ्जलि योजनाअन्तर्गत ३,५०० करोड़ रुपैयाँ**भन्दा बढ़ीको लागतमा लगभग **३.८४ लाख घरहरू** प्रदान गरिएको छ।
- यसबाहेक, राज्य सरकारले उत्तर र दक्षिण बंगालमा हालैको प्राकृतिक प्रकोपबाट पूर्ण वा आंशिक रूपमा प्रभावित **१४,७९४ परिवारहरूलाई** समयमै पुनर्वास सुनिश्चित गर्न वासस्थान सहायताका लागि **१६१.३३ करोड़ रुपियाँ** अनुमोदन गरेको छ।

## स्वास्थ्य सेवा

- जनस्वास्थ्य क्षेत्रमा सरकारी खर्च २०११ सालको तुलनामा **६ गुणा बढ़ेको** छ, जसले सरकार सबैका लागि बलियो र पहुँचयोग्य स्वास्थ्य प्रणाली निर्माण गर्न प्रतिबद्ध छ भन्ने प्रमाणित गर्दछ।
- **स्वास्थ्य साथी** परियोजनाअन्तर्गत, **२.४५ करोड़ परिवारका ८.७२ करोड़** मानिसहरूले स्वास्थ्य बीमाको सुविधा प्राप्त गरेका छन्। अक्टोबर २०२५ सालसम्म यस योजनाअन्तर्गत मोठ **१३,१५६ करोड़ रुपियाँका** सेवाहरू प्रदान गरिएको छ। यसबाहेक **११,००० भन्दा बढ़ी** स्वास्थ्य तथा कल्याण केन्द्रहरू अनि ठूला अस्पतालहरूको **६३** वटा हब-मा केन्द्रमा बंगालको टेलिमेडिसिन सेवामार्फत **७ करोड़भन्दा** बढ़ी परामर्श प्रदान गरिएको छ।
- बंगालमा अहिले देशको उत्कृष्ट **सार्वजनिक स्वास्थ्य** पूर्वाधार छ। हामीले स्वास्थ्य पूर्वाधार विकास गर्न लगभग **७०,००० करोड़ रुपियाँ** खर्च गरेका छौँ। **१४ वटा नयाँ सरकारी मेडिकल कलेज, ४२ वटा सुपर स्पेशलिटी अस्पताल, १३,५०० भन्दा बढ़ी कल्याण केन्द्र, ७६ वटा सीसीयू, ३ वटा एचडीयू, १७ आमा र शिशु केन्द्र, १३ आमाको प्रतीक्षालय, ११७ उचित मूल्यको औषधि पसल, १५८ नि:शुल्क रोग निदान केन्द्र** - यी सबै गरिएको छ।
- २०११ सालमा हाम्रो राज्यमा सरकारी अस्पतालको पलंगको संख्या **७१,२००** थियो, जुन अहिले बढ़ेर **९७,०००** पुग्यो। अर्थात्, सरकारी अस्पतालमा पलंगको संख्या **३६.२५% बढ़ेको** छ।
- राज्य सरकारले **स्वास्थ्य बन्धु** परियोजना शुरू गरेको छ, जसअन्तर्गत **११० वटा मोबाइल मेडिकल युनिट** (MMUs)

ले सेवा प्रदान गरी रहेका छन् अनि चाँडै नै **१०० वटा थप युनिटहरू** सञ्चालनमा आउनेछन्। डाक्टर, नर्स र प्राविधिकहरूद्वारा कर्मचारीहरूसहितको प्रत्येक युनिट एउटा आत्मनिर्भर भ्राम्यमाण स्वास्थ्य क्लिनिक हो, जसले राज्यको दुर्गम क्षेत्रका मानिसहरूलाई नि:शुल्क परीक्षण, परामर्श अनि उन्नत चिकित्सा सेवाहरू प्रदान गर्न सक्षम छन्। परियोजना शुरू भएको २० दिनभित्र शिविरहरूमा उपस्थित हुनेहरूको संख्या **१ लाख** नाघेको छ।

- **शिशु साथी** परियोजनाअन्तर्गत लगभग **६४,००० बालक-बालिकालाई** जीवन बचाउने शल्यक्रियामा सहयोग गरिएको छ, जसका लागि राज्य सरकारले **३०७ करोड़ रुपियाँ** खर्च गरेको छ।

- **'चोखेर आलो'** (आँखाको ज्योति) परियोजनामार्फत **२६ लाख मानिसहरूको** नि:शुल्क मोतीबिन्दु अपरेशन भएको छ भने **३४ लाख** मानिसहरूले नि:शुल्क चश्मा पाएका छन्। यस पहलमा राज्य सरकारले **१८१ करोड़ रुपियाँ** खर्च गरेको छ।

- एमबीबीएस आसन संख्या **१,३५५** बाट बढ़ेर **६,३४९** पुगेको छ। लगभग **१४,०००** डाक्टरहरू नियुक्त गरिएका छन्। **नर्सिङ तालीम संस्थानहरूको** संख्या **५७** बाट बढेर **४५१** पुगेको छ। फलस्वरूप नर्सिङ तालीम संस्थानहरूमा मोठ आसन संख्या **२,२६५** बाट बढ़ेर **२८,५४७** पुगेको छ। सरकारी अस्पतालहरूमा मोठ अनुमोदितनर्सिङ कर्मचारीहरू **३३,८३१** बाट बढ़ेर **५९,११३** पुगेका छन्।

## शिक्षा

- **कन्याश्री** परियोजनाअन्तर्गत, लगभग **१ करोड़** बालिकाहरूलाई शिक्षाका लागि आर्थिक सहयोग प्रदान गरिएको छ, जसका लागि **१६,५५४ करोड़ रुपियाँ** खर्च गरिएको छ।

- **सबुज साथी** परियोजनाअन्तर्गत, **१.४४ करोड़भन्दा**t साइकल प्रदान गरिएको छ, जसका लागि **४,९०३ करोड़ रुपियाँ** खर्च गरिएको छ।

- **ऐक्यश्री तथा अल्पसंख्यक छात्रवृत्ति** परियोजनामार्फत ४ **करोड़ ५६ लाख** छात्रवृत्ति प्रदान गरिएको छ र यस क्षेत्रमा **९,७४७ करोड़ रुपियाँ** खर्च गरिएको छ। अर्कोतिर, **शिक्षाश्री** परियोजनाअन्तर्गत **१ करोड़ ४६ लाख ७४ हजार ३७३** अनुसूचित जाति/जनजाति विद्यार्थीहरूलाई लगभग **१,१७३.९५ करोड़ रुपियाँ प्रदान** गरिएको छ। यसबाहेक पनि **मेधाश्री** परियोजनाअन्तर्गत **८ लाख ८६ हजार ४९२** लाभार्थीहरूलाई **७०.९२ करोड़ रुपियाँ** प्रदान गरिएको छ।

- पश्चिम बंगालमा कुनै पनि बालक-बालिका आधारभूत शिक्षाबाट वञ्चित छैनन् अनि २०२३ सालदेखि राज्यमा प्राथमिक र उच्च प्राथमिक तहमा कुनै पनि विद्यार्थीले पढ़ाइ छोड़ेका छैनन्।

- **'तरुणेर स्वप्न'** (तरुणको सपना) परियोजनाअन्तर्गत ट्याब्लेट अनि स्मार्टफोन अनुदान दिए र डिजिटल शिक्षालाई बलियो बनाइएको छ। राज्यमा कक्षा ११ र १२ का **५३ लाख** विद्यार्थीहरूप्रति **५,३०० करोड़ रुपैयाँ** खर्च गरिएको छ। यसका साथै **१८ करोड़** विद्यार्थीहरूलाई नि:शुल्क पुस्तक, स्कूल पोशाक, झोला र जुत्ता प्रदान गरिएको छ, जसका लागि राज्य सरकारले **१०,३५० करोड़ रुपियाँ** खर्च गरेको छ।

- **स्टुडेण्ट क्रेडिट कार्ड** परियोजनामार्फत **१ लाखभन्दा बढ़ी विद्यार्थीहरू** लाभान्वित भएका छन् अनि राज्य सरकारको ग्यारेण्टी लोन-को रूपमा तिनीहरूलाई **३.८०७ करोड़ रुपैयाँ** नाममात्र ब्याजमा ऋण दिइएको छ।

- शैक्षिक पूर्वाधारलाई सुदृढ़ पार्न राज्यभरि **६९,००० करोड़ रुपियाँभन्दा** बढ़ी लगानी गरिएको छ। २०११ सालदेखि, **४२ वटा नयाँ विश्वविद्यालय र ५०० कलेजहरू स्थापना** गरिएका छन्। यी दुवै क्षेत्रमा पश्चिम बंगाल राष्ट्रिय औसत

(**१६.४३ विश्वविद्यालय र २६२.६५ कलेज**) को तुलनामा धेरै अगाड़ि छ।

- हालसम्म **स्वामी विवेकानन्द मेरिट कम मीन्स स्कलरशिप**-को माध्यमले **३६.५५ लाख** विद्यार्थीहरू लाभान्वित भएका छन्, जसका लागि मोठ **६,३५६ करोड़ रुपियाँ** खर्च गरिएको छ।

- हामीले मतुआ समुदायका लागि उच्च शिक्षाको एउटा समर्पित केन्द्र सिर्जना गर्न हामीले ठाकुरनगर (ठाकुरबाड़ीछेउ) क्षेत्रमा **हरिचाँद गुरुचाँद विश्वविद्यालय** स्थापना गरेका छौं। कृष्णनगरमा एक्सटेन्शन क्याम्पस पनि बनिएको छ। सँगसँगै मतुआ विद्यार्थीहरूलाई उच्च शिक्षामा प्रवेशाधिकार सुविधा बढ़ाउन गाईघाटामा **पी.आर. ठाकुर सरकारी कलेज** स्थापना गरिएको छ।

- प्रायः **२००** वटा राजवंशी विद्यालयलाई सरकारी मान्यता दिइएको छ, जसको फलस्वरूप यस समुदायको मातृभाषामा शिक्षाको अवसरलाई अझ बलियो भएको छ। यसका साथै भाषिक समावेशीकरणलाई अगाड़ि बढ़ाउन सादरी भाषामा पढ़ाउन १०० वटा विद्यालयहरू स्थापना भइरहेका छन्।

- राज्यको **शिक्षा ऋण** परियोजनाबाट लगभग **४०,०००** अल्पसंख्यक विद्यार्थीहरू लाभान्वित भएका छन्। राज्य सरकारले यस पहलका लागि **३२७ करोड़ रुपियाँ** लगानी गरेको छ। यसका साथै धेरै मदरसाहरूलाई अनुदानविहीन संस्थाको रूपमा मान्यता दिइएको छ। साथै शिक्षक र अशिक्षण कर्मचारीहरूलाई मानदेय प्रदान गर्न एउटा पूर्ण रूपमा राज्य सरकारद्वारा वित्तपोषित पहल चालु गरिएको छ।

## प्रशासन

- २०११ सालदेखि राज्य सरकारले राज्यको जनतालाई राम्रो सेवा प्रदान गर्ने उद्देश्यले **४ वटा नयाँ प्रशासनिक जिल्लाहरू** (कालेबुङ, अलिपुरद्वार, झारग्राम र पश्चिम बर्दवान), **४ वटा महकुमाहरू** (झालदा, मालबजार, मिरिक र धुपगढ़ी) अनि **४ वटा प्रशासनिक ब्लक**-हरू (कल्याणी, लाभा, पेदोङ र क्रान्ति) गठन गरेको छ। **फराक्का महकुमा** पनि चाँड़ै गठन गरिनेछ। यसका साथै व्यवस्थित र योजनाबद्ध शहरहरूको विकासका लागि राज्यमा **११ वटा विकास बोर्डहरू** र **२ वटा परिकल्पना बोर्डहरू** गठन गरिएको छ।

- **८.०७ लाख द्वारे सरकार शिविरहरूमार्फत १०.४३ करोड़ सार्वजनिक सेवाहरू** जनताको घरदैलोमा पुऱ्याइएको छ, साथै **३,५००+ बंगला सहायता केन्द्रहरूमार्फत १५.८६ करोड़** सार्वजनिक सेवाहरू प्रदान गरिएको छ।

- भारतमा पहिलोचोटि **'आमादेर पाड़ा, अमादेर समाधान'** (हाम्रो टोल, हाम्रो समाधान) नामक युगान्तकारी परियोजनाअन्तर्गत, पश्चिम बंगालका **८०,००० बूथका** सबै वासिन्दाहरूलाई आफ्नो क्षेत्रका समस्याहरू लोकतान्त्रिक रूपमा समाधान गराउन मोठ **८,००० करोड़ रुपियाँ (प्रति बूथ १० लाख रुपियाँ)** खर्च गर्ने निर्णय गरिएको छ।

- पश्चिम बंगाल सरकारले प्रविधिमा आधारित प्रणालीहरूमार्फत नागरिक-केन्द्रित शासन-व्यवस्थालाई अझ बलियो बनाएको छ। **'सरासरी मुख्यमन्त्री'** (प्रत्यक्ष मुख्यमन्त्री) पहलअन्तर्गत, माननीय मुख्यमन्त्री साधारण नागरिकमाझ प्रत्यक्ष सम्बन्ध स्थापित गरिएको छ, जसले गर्दा नागरिकहरूको समस्याहरूको द्रुत समाधान सुनिश्चित भएको छ। **५४** वटा विभाग अनि **५,८१८** कार्यालयहरूमा मोठ **६०,१४,६४४ गुनासोहरू दर्ता भएका छन्**, जसमध्ये **५४,१७,८९८** ठामठीम **गरिएको** छ। यसले ९०% भन्दा बढ़ी सफलता दरलाई संकेत गर्दछ।

## कानून - व्यवस्था

- कोलकाता क्रमागत रूपमा भारतको सबैभन्दा **सुरक्षित शहरको** रूपमा चिन्हित भएको छ। ८३.९ सूचकमा कोलकातामा भारतका सबै महानगरीय शहरहरूमध्ये **सबैभन्दा कम अभियोजन योग्य अपराध दर** देखिएको छ, जुन राष्ट्रिय औसत ८२८ भन्दा धेरै कम हो। उल्लेखनीय कुरा के छ भने, पश्चिम बंगालमा **अनुसूचित जातिविरुद्धको अपराध दर पनि धेरै कम छ**, जुन २०११ सालमा प्रतिलाख **२.८** बाट घटेर २०२३ सालमा प्रतिलाख मात्र **०.१ मा** झारिएको छ, जो लगभग **३० गुणा कम** हो।

- राज्यको कानून व्यवस्था प्रणाली कतिको प्रभावकारी र त्वरित छ भन्ने कुरा यहाँ अभियोजनयोग्य अपराधहरूका लागि **चार्जशीट दिइने** ८८.९% दरले बुझाउँदछ, जुन राष्ट्रिय औसत ८०.१% भन्दा बढ़ी छ। कोलकातामा यो दर सबैभन्दा देर ९४.७% छ ।

- हामी प्रशासनिक विस्तार, पूर्वाधारगत विकास अनि प्रविधिआधारित सुधारहरूमार्फत पुलिसीय र सार्वजनिक सुरक्षा अझ सुदृढ़ पार्न गइरहेछौँ। विगत **१५ वर्षमा**, क्षेत्राधिकारमा सुरक्षा र सेवाको गुणस्तर बढ़ाउन **एउटा पुलिस निर्देशालय, ६ वटा पुलिस आयुक्तालय, १४ वटा पुलिस जिला, १० बटालियन, २ वटा नयाँ युनिट, ४ वटा नयाँ विभाग, ४९ वटा महिला पुलिस थाना, ८ वटा तटीय थाना, ३६ वटा साइबर पुलिस थाना** अनि **१०६ वटा नयाँ पुलिस** थाना स्थापना गरिएको छ।

- **CCTV क्यामेरा, RLVD प्रणाली, ANPR क्यामेरा** लगायतका आधुनिक उपकरण जड़ान गरेर विस्तृत सड़क सुरक्षा व्यवस्था गरिएको छ ताकि सड़क दुर्घटना कम गर्न सकियोस्। दायित्वसहित वाहन चलाउन लगाउन अनि सामाजिक सतर्कता बढ़ाउन Safe Drive, Save Life पहलमार्फत नियमित रूपमा जनचेतना प्रचार-प्रसार भइरहे

- त्वरित र वैज्ञानिक अनुसन्धान सुनिश्चित गर्न फोरेन्सिक क्षमताहरू पनि बढ़ाइएको छ। कोलकाताको फोरेन्सिक विज्ञान प्रयोगशाला (FSL) मा प्रमुख प्राविधिक विकासहरू भइरहेका छन्, जसमध्ये **१.१० करोड रुपियाँ**को लागतमा नारकोटिक्स विभागका लागि GCMS उपकरणहरू क्रय गरिएको छ। सहज पहुँच र दक्षता बढाउन २००० सम्मका पुराना रेकर्डहरूलाई डिजिटलाइज गरिएको छ अनि जलपाइगढ़ीको RFSL मा एउटा नयाँ सेरोलोजी एकाइ स्थापना गरिएको छ।

## युवा कल्याण अनि खेल

- युवा कल्याण तथा **खेलकुद विभागको बजट विगत** १५ वर्षमा **सात गुणा बढ़ेको** छ, जसले बंगालमा युवा तथा खेलकुद विकासमा निरन्तर र रणनीतिक ध्यान केन्द्रित गरिएको संकेत गर्दछ।

- २०११ सालदेखि मोठ ८ वटा अत्याधुनिक खेलकुद एकाडेमीहरू स्थापना गरिएका छन्। **७४** वटा स्टेडियमहरू निर्माण वा मरम्मत गरिएको छ (जसमध्ये १९ वटा नयाँ र ५५ वटा मरम्मत गरिएको छ)। साथै **४,११२** वटा मल्टी-जिम, **७९५** वटा मिनी इण्डोर खेल परिसर र **४२३** वटा उन्नत खेल मैदानहरू निर्माण गरिएका छन्। **खेलाड़ीहरूको स्वास्थ्य जाँच** र चोटपटक निगरानीका लागि **एसएसकेएम अस्पतालमा** एउटा विशेष खेलकुद चिकित्सा केन्द्र स्थापना गरिएको छ।

- मोठ ४४ वटा युवा होस्टेल निर्माण वा स्तरोन्नति गरिएको छ अनि सँगसँगै अनलाइन आरक्षण प्रणाली चालु गरिएको छ। यसबाहेक **९१२** वटा युवा कम्प्युटर तालीम केन्द्र र **१२** वटा युवा भोकशनल तालीम केन्द्रहरू स्थापना गरिएको छ।
- **खेलाश्री परियोजना**अन्तर्गत, **३८,४२५ वटा क्लबहरूलाई** पहिलो वर्ष **२ लाख रुपियाँ** अनि अघिल्लो तीन वर्षसम्म प्रति वर्ष **रु. १ लाख** गरेर अनुदान दिइएको छ। यसबाहेक एथलेटिक्स बोर्ड (BOA) मा दर्ता भएका ३४ राज्यस्तरीय संघहरूलाई **रु. ५ लाख** गरेर अनुदान दिइएको छ अनि **१,३२१ वटा कोचिङ** क्याम्पहरूलाई **रु. १ लाख** गरेर आर्थिक सहयोग दिइएको छ। यसका साथै २०२३ सालदेखि राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा पश्चिम बंगालको प्रतिनिधित्व गरेका **१,५८० सेवानिवृत्त खेलाड़ीहरूका** लागि **१,००० रुपियाँको** मानदेय चालु गरिएको छ।
- **इस्ट बेंगाल एफसी, मोहन बगान एफसी र मोहमडन एससी**-का थप पूर्वाधार विकासका लागि **२७ करोड़ रुपियाँभन्दा** बढ़ी रकम प्रदान गरिएको छ। यसबाहेक तिनीहरूलाई बंग विभूषण पुरस्कारले सम्मानित गरिएको छ।

## पर्यावरण

- विगत १५ वर्षमा पश्चिम बंगालको वन क्षेत्र **२,६८८ वर्ग किलोमिटर** (१८.९१%) बढ़ेर **१४,२१४ वर्ग किलोमिटरबाट १६,९०२ वर्ग किलोमिटर** पुगेको छ। राज्य विकास योजनाअन्तर्गत **१.४ लाख हेक्टर** जमीनमा वन लगाइएको छ। प्रकृतिले प्राकृतिक प्रकोपहरू रोक्न सक्छ, त्यसैले दक्षिण २४ परगना र पूर्वी मिदनापुरको तटीय क्षेत्रहरूमा **१५ करोड़भन्दा बढ़ी** म्यानग्रोभहरू रोपिएका छन्।
- **"जल धर, जल भरो"** (पानी संकलन गरौँ, पानी भरौँ) परियोजनाअन्तर्गत, २०२५ सालसम्ममा पश्चिम बंगालभरि **४,१५,३८४ वटा जलाधारहरू, समकक्ष जलाधारहरू र वर्षा पानी संकलन संरचनाहरू निर्माण वा मरम्मत** गरिएका छन्, जसको फलस्वरूप सिँचाइ व्यवस्था, भूजल पुनर्भरण र ग्रामीण पानी सुरक्षा उल्लेखनीय रूपमा बलियो भएका छन्।

## पर्यटन

- भारत सरकारको पर्यटन मन्त्रालयले हालै जारी गरेको इण्डिया टुरिज्म डाटा कम्पेण्डियम २०२५ अनुसार विदेशी पर्यटकहरूको आगमनको हिसाबले पश्चिम बंगाल देशको दोस्रो स्थानमा छ। अक्टोबर २०२५ सम्म बंगालले **२४२.४ करोड़** स्वदेशी तथा विदेशी पर्यटकहरूलाई स्वागत गरेको थियो।
- कोलकातालाई पर्यटकहरूका लागि अझ आकर्षणीय बनाउन न्युटाउनमा **११२ ऐकर** रमणीय जलाशयहरूसहित ४८० **ऐकर** जमीनमा हरियोले ढाकिएको **इको-पार्क (प्रकृतितीर्थ)** बनाइएको छ।
- **यसबाहेक रवीन्द्रतीर्थ, नजरुलतीर्थ, मदर वाक्स म्युजियम अनि कोलकाता गेट जस्ता पर्यटकीय र सांस्कृतिक महत्वका** स्थलहरू निर्माण गरिएका छन्। ब्यारेकपुरमा वीर शहीद मंगल पाण्डेको सम्झनामा 'उत्सधारा' पर्यटन परियोजनाको काम शुरू भएको छ।
- **विश्व बाङ्ला कन्भेन्शन सेण्टर, धनधान्य अडिटोरियम, फिनटेक हब, अलिपुर संग्रहालय, सम्पन्न, सौजन्य** अनि **'उत्तीर्ण' मुक्तमञ्च** जस्ता विश्वस्तरीय पूर्वाधारहरूले आज स्वदेशी र विदेशी पर्यटक र स्थानीयहरूलाई स्वागत गर्दछन्।

दीघामा एउटा कन्भेन्शन सेण्टर पनि निर्माण गरिएको छ अनि सिलगढ़ीमा अर्को कन्भेन्शन सेण्टर निर्माण भइरहेको छ।

- **चिया पर्यटनको** विकासले स्थानीय मानिसहरूका लागि नयाँ रोजगारका अवसरहरू सिर्जना गरेको छ। यसले उनीहरूको अझ रोजगारका बाटोहरू खोलिएका छन् अनि सम्पूर्ण क्षेत्रको आर्थिक विकासलाई पनि तीव्र पारेको छ।

## संस्कृति

- **लोकप्रसार** परियोजनामार्फत **१.९२ लाख लोक कलाकारहरूलाई** सहयोग गरिँदैछ, जसमध्ये **१.५** लाख रिटेनर कलाकार र **४२,००० पेन्सनभोगी** छन्। उनीहरूलाई प्रतिमहीना **१,००० रुपियाँ** रिटेनर शुल्क/पेन्सन दिइन्छ। साथै उनीहरूलाई सबै सरकारी कार्यक्रमहरूमा सक्रिय रूपमा सम्मिलित गराइन्छ अनि उनीहरूको योगदानका लागि उचित पारिश्रमिक दिइन्छ। फलस्वरूप, लोककलाका विभिन्न विधाहरू संरक्षित भइरहेका छन् र लोक कलाकारहरूका लागि स्थायी आयको स्रोत सुनिश्चित भइरहेको छ।

- **बंगालको दुर्गा पूजा** (जसले **प्रत्येक वर्ष ७०,००० करोड़ रुपियाँ** आयको संस्थान तयार गर्छ) लाई युनेस्कोले मानवताको अमूर्त सांस्कृतिक सम्पदा (Intangible Cultural Heritage of Humanity) -को रूपमा मान्यता दिएको छ। दीघामा **२५० करोड़ रुपियाँको** लागतमा निर्मित **जगन्नाथ मन्दिर** हाम्रो राज्यको सांस्कृतिक गौरवको शक्तिशाली प्रतीक हो। यसका साथै गंगासागर यात्रीहरूका लागि **१,७०० करोड़ रुपियाँको** लागतमा निर्माण भइरहेको **गंगासागर पुल,** सिलगढ़ीनजीकै मतिगढ़ामा **१७ ऐकर** जमीनमा महाकाल मन्दिर र सांस्कृतिक परिसर अनि न्यूटाउन-मा **१५ ऐकरको 'दुर्गा अंगन'** - यी संरचनाहरूले भविष्यमा बंगालको सम्पदा र संस्कृतिलाई प्रदर्शित गर्नेछन्।

- **हिन्दी, उर्दु, तेलुगु, उड़िया, नेपाली, पञ्जाबी, सन्थाली, कुरुख, कुड़माली, राजवंशी अनि कामतापुरीलाई** आधिकारिक भाषाको दर्जा दिइएको छ, जसले भाषिक समावेशीकरण र प्रतिनिधित्वप्रति राज्यको प्रतिबद्धतालाई प्रकाश पार्दछ। यसका साथै यी समुदायहरूलाई थप सहयोग गर्न **राजवंशी विकास बोर्ड, नस्यशेख विकास बोर्ड, राजवंशी भाषा अकादमी, कामतापुरी भाषा अकादमी अनि राजवंशी सांस्कृतिक अकादमी** गठन गरिएको छ।

- २०२३ सालमा विधानसभामा **सरणा/सारी धर्मको मान्यताका लागि** विधेयक पारित भयो र यसबारे आधिकारिक रूपमा केन्द्र सरकारलाई जानकारी गराइएको छ।

- **नवद्वीप र कोचबिहारलाई हेरिटेज शहरको** रूपमा विकसित गरिएको छ। तारकेश्वर, तारापीठ, बक्रेश्वर र पाथरचापुरीका लागि विकास बोर्ड गठन गरिएको छ ।



# धर्म आफ्नो-आफ्नो, उत्सव सबैको



हाम्रो सरकारले बंगालभरि सबै धर्मका तीर्थस्थलहरूको विकासमा विशेष पहल गरेको छ। यसका लागि हामीले हजारौँ करोड़ रुपियाँ खर्च गरेका छौँ।



हामीले दक्षिणेश्वरमा रानी रासमणि स्काइवाक, कालीघाट स्काइवाक अनि जल्पेश मन्दिर स्काइवाक-को उद्घाटन गरेका छौं। तारकेश्वर, तारापीठ, कंकालीतला, फुल्लरा मन्दिर, कपिलमुनि मन्दिर, माहेशको जगन्नाथ मन्दिर, राधावल्लभ मन्दिर, झारग्रामको कणकदुर्गा मन्दिर, कोचबिहारको मदनमोहन मन्दिर, वाणेश्वर मन्दिर, शिवयज्ञ मन्दिर, देवी चौधुरानी मन्दिर, भवानी पाठकको मन्दिर, भ्रामरी देवी मन्दिर, गर्तेश्वरी र गर्भेश्वरी मन्दिर, जटिलेश्वर मन्दिर, राजबाड़ी शिव मन्दिर अनि मनसा मन्दिर जस्ता असंख्य साना-ठूला मन्दिरहरूको जीर्णोद्धार र सौन्दर्यीकरण गरिएको छ।



बंगालको आध्यात्मिक तथा सांस्कृतिक धरोहर संरक्षण र समृद्ध गर्न राज्य सरकारले धेरै कदम चालेको छ। कचुआ र चाकलामा बाबा लोकनाथको धाम, श्री श्री ठाकुर अनुकुलचन्द्रको आश्रम अनि माता शारदा देवीको निवासस्थानको पुनर्निर्माण र सौन्दर्यकरण गरिएको छ। साथै, वनहुगलीको ओंकारनाथ मिशन ये अगाड़िको सड़कलाई ओंकारनाथ सरणी नामकरण गरिएको छ। बाबा ओंकारनाथप्रति समर्पित तोरण पनि निर्माण गरिएको छ।



विवेकानन्द पुर्ख्यौली घर र सिस्टर निवेदितासँग सम्बन्धित दुईवटा वासस्थानहरू अधिग्रहण गरी क्रमशः रामकृष्ण मिशन र रामकृष्ण शारदा मिशनलाई हस्तान्तरण गरिएको छ, ताकि तिनीहरूको संरक्षण गर्न सकियोस् अनि मानिसहरू त्यहाँ संलग्न हुन सकून्।स्वामीजीको घरमा अवस्थित संग्रहालयको मरम्मत, स्याहार-सुसार अनि सञ्चालनका लागि राज्य सरकारले प्रत्येक वर्ष अनुदान प्रदान गर्दछ। यसबाहेक स्वामी विवेकानन्दको आदर्श र दर्शनबाट प्रेरित भई न्युटाउन-मा विवेकतीर्थ नामक एउटा शैक्षिक अनि सांस्कृतिक केन्द्र निर्माण भइरहेको छ। हामीले जग्गा प्रदान गरेका छौं अनि RRM अन्तर्गत निर्माण खर्चको एउटा भाग पनि वहन गरेका छौँ।



यसका साथै, फुरफुरा शरीफको विकासका लागि मरम्मत र स्याहार-सुसार अनि गाजी जाफर खान दरगाहको सौन्दर्यकरण गरिएको छ।



बंगालभरि क्रिसमस हर्षोल्लासका साथ मनाइन्छ, जसमध्ये कोलकाताको पार्क स्ट्रीट विशेष उल्लेखनीय छ।



राज्यमा आदिवासी संस्कृतिलाई सम्मान जनाउँदै वीरसा मुण्डाको जन्मदिन, करम पूजा, अन्तरराष्ट्रिय आदिवासी दिवस, हुल दिवस, जंगलमहल उत्सव, आदिवासी उत्सव अनि जय जोहार आदिवासी मेला, सबै मनाउने गरिएको छ। यसबाहेक हामीले जाहेर खान अनि माझी थानको पुनर्निर्माणका लागि पनि आर्थिक सहयोग प्रदान गरेका छौँ।



बाबुरहाटमा महावीर चिला रायको १५ फिट अग्लो कास्य मूर्ति स्थापना गरिएको छ। यसले राजवंशी समुदायको इतिहासलाई सम्मान गर्दछ अनि यस क्षेत्रको सांस्कृतिक सम्पदालाई अझ बलियो बनाउँदछ।

# आजीवन साथी
पश्चिम बङ्गाल सरकार सधैँ तपाईंसित छ।

**मातृ माँ**
एकीकृत माता र शिशु केन्द्र।

**मधुर स्नेह**
पूर्वी भारतको पहिलो र देशको सबैभन्दा आधुनिक **मानव दूध ब्याङ्क।**

**हरितश्री**
नानीहरूको भविष्यको **आर्थिक सुरक्षा** सुनिश्चित गर्नका लागि एउटा बिरुवा दिइन्छ।

उमेर ०-१३

**शिशु साथी**
सबै नानीहरूलाई **जन्मैदेखिको बिमारीहरूको जाँच र उपचारको** सुविधा दिइन्छ।

**शिशु आलय**
६ वर्षसम्मका नानीहरूलाई **प्रीस्कूल शिक्षा र पोषण सहायता दिइन्छ।**

**पाकेको मध्यान्न भोजन**
स्कूल जाने नानीहरूलाई तातो र **पौष्टिक भोजन** दिइन्छ।

**सित्तैँमा पुस्तक,युनिफर्म,स्कूल ब्याग र जुत्ता**
स्कूल जाने नानीहरूलाई सित्तैँमा पुस्तक,युनिफर्म,ब्याग जुत्ता दिइन्छ।

**शिक्षाश्री**
कक्षा ५ देखि ८ सम्मका **SC/ST विद्यार्थीहरूलाई आर्थिक सहयोग** गरिन्छ।

**मेधाश्री**
OBC श्रेणीका आर्थिक रूपले कमजोर विद्यार्थीहरूलाई **छात्रवृत्ति** दिइन्छ।

**हरित साथी**
कक्षा ९ देखि १२ सम्मका **विद्यार्थीहरूलाई सित्तैँमा साइकल दिइन्छ।**

**कन्याश्री**
छोरीहरूको **पढ़ाइ यथावत राख्नको लागि शर्तमा आधारित नगद सहयोग** गरिन्छ।

उमेर १४+

**शिक्षा ऋण**
अल्पसङ्ख्यक, SC र OBC **विद्यार्थीहरूलाई** उच्चशिक्षाका लागि **वित्तीय ऋण** दिइन्छ।

**तरुणेर सपना**
**हाइस्कूलका विद्यार्थीहरूलाई PC/ट्याबलेट/स्मार्टफोन** किन्नका लागि **रु.१०,०००** दिइन्छ।

**स्वामी विवेकानन्द स्कलरशिप**
आर्थिक रूपले कमजोर विद्यार्थीहरूलाई **मेरिट-कम-मीन्स आधारित छात्रवृत्ति** प्रदान गरिन्छ।

**स्टुडेन्ट क्रेडिट कार्ड**
**कम ब्याजमा विद्यार्थीहरूलाई कुनै धरौटी बिना उच्चशिक्षाकालागि शिक्षा ऋण** दिइन्छ।

**ऐक्यश्री**
**अल्पसङ्ख्यक विद्यार्थीलाई** आर्थिक सहायताको माध्यमबाट **छात्रवृत्ति** प्रदान गरिन्छ।

**युवश्री**
बेरोजगार युवाहरूलाई **मासिक रु.१५००** आर्थिक सहायता दिइन्छ।

उमेर १८+

**उत्कृष्ट बाङ्ग्ला**
वञ्चित युवाहरूलाई **कौशल विकास** प्रशिक्षण गराइन्छ।

**बाङ्ग्लाश्री योजना**
MSME उद्यमीहरूलाई **वित्तीय र गैर-वित्तीय** सहायता दिइन्छ।

**टर्म लोन**
अल्पसङ्ख्यक, SC,ST र OBC मानिसहरूलाई व्यापार वृद्धि गर्न **सब्सिडीवाला लोन** दिइन्छ।

**भविष्यत क्रेडिट कार्ड**
उद्यमीहरूलाई **सब्सिडीवाला र बिना धरौटीको ऋण** दिइन्छ।

**बिनामूल्य सामाजिक सुरक्षा योजना**
**असङ्गठित श्रमिकहरूका लागि सबै सामाजिक सुरक्षा योजनाहरूलाई** एकै ठाउँ जोड्ने योजना रहेको छ।

**कर्मसाथी (प्रवासी श्रमिक)**
मृत्यु, गम्भीर दुर्घटना वा चोटको स्थितिमा **वित्तीय सहायता** प्रदान गरिन्छ।

**निजी घर निजी भूमि**
भूभूमिहीन र बेघर ग्रामीण मजदुरहरू,कारिगर र मछुवारा परिवारलाई **निजी घर र जमीन** दिने योजना रहेको छ।

**जाति प्रमाणपत्र (SC/ST/OBC)**
सरकारी लाभ प्राप्त गर्नका लागि **जाति प्रमाणपत्रको शीघ्रगामी वितरण** गर्ने।

**श्रमश्री**
फर्किएर आउने प्रवासी मजदुरहरूलाई **मासिक वित्तीय सहायता, जब कार्ड, स्किल ट्रेनिङ, राशन र स्वास्थ्य सेवाहरू** प्रदान गर्ने।

**बङ्ग्ला शस्य बीमा**
किसानहरूलाई **फसल बीमा लाभ प्रदान** गर्ने।

**पश्चिम बङ्गाल केन्दु पत्ता सङ्ग्राहक सामाजिक सुरक्षा योजना**
केन्दु पत्ता टिप्ने श्रमिकहरूलाई **वित्तीय सहायता** दिने।

**खाद्य साथी**
राज्यका मानिसहरूलाई **सब्सिडीवाला खाद्यान्न** दिने।

**मुस्कानको प्रकाश**
गरीबहरूको घरमा **सित्तैँमा बिजुली** जड़ान गरिदिने।

**बङ्गालको घर**
स्थायी पक्का घर बनाउनका लागि **रु.१.२ लाखको** सहयोग दिने।

**रूपश्री**
आर्थिकरूपले कमजोर परिवारका **छोरीहरूको विवाहका** लागि **रु.२५,०००को एकमुष्ठ वित्तीय सहायता** दिने।

**स्वास्थ्य साथी**
प्रत्येक परिवारहरूलाई **रु.५,००,००० सम्मको स्वास्थ्य बीमा** प्रदान गर्ने, जसमा क्याशलेस चिकित्साको सुविधा सामेल छ।

उमेर १८-६०

**लक्ष्मीको भण्डार**
२५-२६ वर्षका **महिलाहरूलाईमासिक सार्वभौमिक बुनियादी आयको समर्थन**(रु.१,००० सामान्य वर्गका लागि,रु१,२०० SC/ST का लागि)।

**चिया सुन्दरी**
आफ्नो पक्का घर नहुने स्थायी **चियाबगान श्रमिकहरूलाई - पक्का घर प्रदान गर्ने।**

**आनन्दधारा**
महिला **स्व-सहायता समूहलाई ऋण/वित्तीय सहायता अनि कौशल प्रशिक्षण** दिने।

**आँखाको उज्यालो**
वरिष्ठ नागरिकहरूका लागि **सित्तैँमा मोतीबिन्दु अपरेशन** र सित्तैँमा चश्मा वितरण गर्ने।

**स्वास्थ्य इङ्गल**
सुस्वास्थ केन्द्रको माध्यमबाट **टेलिमेडिसिन सेवाहरू** प्रदान गरिन्छ।

**कृषक बन्धु (नयाँ)**
किसानहरूलाई **रु.१०,००० वार्षिक वित्तीय** सहायता र **एकमुष्ठ मृत्यु सहायता** दिने।

**लोकप्रसार योजना**
लोक कलाकारहरूलाई **वित्तीय सहायता र पेन्सन** दिने।

**सोमोव्याथी**
**अन्तिम संस्कार** र सम्बन्धित **कार्यका** लागि **रु.२,००० को एकमुष्ठ सहायता** गर्ने।

**विधवा पेन्सन**
**विधवा महिलाहरूलाई रु.१,००० को** मासिक पेन्सन दिने।

**जयबङ्ग्ला पेन्सन(तपशिली बन्धु,जय जोहार)**
SC र ST निवासीहरूलाई **रु.१,००० मासिक वृद्धावस्था पेन्सन प्रदान गर्ने।**

उमेर ६०+

**मानिवक**
विकलाङ्गहरूलाई **रु.१,००० को मासिक वित्तीय सहायता** दिने।।

**वृद्धावस्था पेन्सन**
६० वर्षभन्दा धेर उमेरका **जेष्ठजनलाई रु. १,००० को** मासिक पेन्सन दिने।

---

**दैलोमा सरकार**
तपाईंको घरको छेउमा **सरकारी सेवाहरू** उपलब्ध गराउने, अनि **टोलमा समाधानको** माध्यमबाट स्थानीय स्तरमा बुढ़ाबुढ़ीहरू, विकलाङ्गहरू, महिलाहरू र गरीब परिवारहरूको समस्याको समाधान गर्ने।

**सरासरी मुख्यमन्त्री**
प्रभावकारी ढंगले समस्या तत्काल समाधानका लागि पश्चिम बंगालकी माननीय मुख्यमन्त्रीसँग सोझै सम्पर्क गराउँदै

**बङ्गला सहायता केन्द्र**
तृणमूल स्तरमा नि:शुल्क अनलाइन जनसेवा

**हाम्रो टोल, हाम्रो समाधान**
स्थानीय स्तरका समस्याहरूलाई सम्बोधन गर्नका लागि ८००० करोड़ रुपियाँ (रु.१० लाख प्रति बूथ) कसरी खर्च गर्नुपर्ने विषयमा निर्णय लिन सबै ८०,००० बूथ-का मानिसहरूलाई सशक्त बनाउँदछ

# जीवनको यात्रामा सँगै हिंड़्दै